आज मिति २०८२ साल असोज १२ गते आईतबार दिनको ११.३० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याजु श्रेष्ठज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा सतचालिसौं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री अशोक कुमार ब्याजु श्रेष्ठ | |
| २ | उप-प्रमुख | श्री निराजन जंगम | |
| ३ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ४ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ५ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ६ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ७ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | ~~श्री संजय कोजू~~ | |
| ९ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| ११ | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| १२ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १३ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १४ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| २० | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २३ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

Scanned with CamScanner

CS Scanned with CamScanner

५२ औ कार्यपालिका बैठकको बैठकका एजेण्डाहरु

१.५१ औ कार्यपालिका बैठकको निर्णय समिक्षा,
२.नगर प्रमुखको राजिनामा जानकारी सम्वन्धमा,
३. योजना सम्झौताको अवधि थप सम्बन्धमा,
४. अध्ययन बिदा सम्बन्धमा,
५.सडक बोर्ड नेपालमा योजना पेश गर्ने सम्बन्धमा ।
६.बिबिध

क. प्रशासकीय भवन निर्माणका लागि श्रोत प्रतिवद्धता सम्बन्धमा,
ख. वडा नम्बर ११ को स्वास्थ्य चौकी भवन निर्माण सम्वन्धमा,
ग. समपुरक र विषेश अनुदान तर्फका योजना छनोट गरि पठाउने सम्बन्धमा,
घ. पूर्ण खोप कार्यक्रम सम्बन्धमा,
ङ. वालबालिकाहरुको भ्रमण कार्यक्रममा भएको थप खर्च सम्बन्धमा ।

५२ औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५१ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

२. धुलिखेल नगरपालिकाका नगर प्रमुख अशोककुमार ब्यन्जु श्रेष्ठ २०८२ फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उमेदवार हुन २०८२ माघ ६ गते देखि लागु हुने गरि नेपालंको संविधान २०७२ को धारा २१६ को उपधारा ८ बमोजिम दिनु भएको राजिनामा कार्यपालिका बैठक समक्ष्य जानकारी गराइयो । साथै नगर प्रमुखको रुपमा अशोककुमार ब्यन्जु श्रेष्ठले धुलिखेलको समग्र बिकासमा पुरयाउनु भएको योगदानका लागि धन्यबाद दिदै उहाको उज्वल भविष्यको कामना गरियो ।

३. धुलिखेल नगरपालिकाको सत्रौं नगरसभावाट आ.व. ०८२।८३ को लागि स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम अनुसार उपभोक्ता सिमिति मार्फत कार्यान्वयन हुने योजनाहरुको सम्झौता अवधि २०८२ माघ मसान्तसम्म सम्म मात्र रहेकोमा २०८२ फागुन २१ गते हुन लागेको निर्वाचन समेतलाई मध्येनजर गरि योजना सम्झौताको अवधि २०८२ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

४. यस नगरपालिका नगरकार्यपालिका कार्यालयमा कार्यरत ज.स्वा.नि.श्री सिर्जना तिमिल्सिना (कर्मचारी संकेत नं २०५१२०) ले निवेदन दिए अनुसार यस नगरपालिकाबाट पूर्व स्वीकृति लिई प्रवेश परिक्षा दिएकोमा नेपाल सरकार चिकित्सा शिक्षा आयोगले संचालन गर्ने चिकित्सा शिक्षा स्नातक तह शैक्षिक कार्यक्रम Bachelor in Public Health (BPH) मा अध्ययन गर्न पोखरा विश्वविधालय अन्तर्गत National Open Collage, Sanepa ललितपुरमा छात्रबृत्तिमा

अध्ययन गर्न प्रवेश परीक्षा उत्तीर्ण गरी भर्ना समेत भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ दफा ६३(क) बमोजिम अध्ययन मिति २०८२।१२।०१ देखि २०८६ फागुन मसान्तसम्म जम्मा ४ (चार) वर्ष तलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

५. सडक बोर्ड नेपालको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय सडक मर्मत सम्भार कार्यक्रमका लागि धुलिखेल नगरपालिकाको लागी रु ३८०००००.० (अठ्तीस लाख मात्र) बजेट विनियोजन भएको हुनाले सडक बोर्ड नियमावली २०६० बमोजिम नगरपालिकाले बेहोर्नुपर्ने समपुरककोश रकम बेहोर्ने प्रतिबद्धता सहित देहायको सडक मर्मत सम्भारका लागि योजना पठाउने निर्णय गरीयो ।

क. सुवालाटोल चौकोट सडक मर्मत सम्भार- धुलिखेल वडा नम्बर ६

६. विविध

क. धुलिखेल नगरपालिकाको हाल प्रयोगमा रहेको प्रशासकीय भवन नगरपालिकाको कामको प्रकृति तथा कार्यबोझका आधारमा कार्यरत जनशक्तिका लागि पनि कार्यकक्ष अभाव रहेको र नगरपालिकाको सेवा प्रवाहसंग जोडिएका अन्य सेवा जस्तै स्वास्थ्य ल्याव, कोल्डरुम सहितको औषधी स्टोर, पशु सेवा सम्बन्धी ल्याव, माटो प्रयोगशाला, न्यायिक समिति इजलास लगायतका लागि थप एउटा भवन आवश्यक परेकोले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बमोजिम स्थानीय पूर्वाधार विकास विभागमा प्रशासकीय भवन निर्माण आयोजना माग गर्ने निर्णय गरियो । साथै प्रशासकीय भवन निर्माणका लागि चालु आर्थिक वर्षमा रु. १ करोड विनियोजन भएको र लागत अनुमान बमोजिम लागत सहभागिता गर्नु पर्ने बाकि रकम आगामी आर्थिक वर्षको बजेटमा विनियोजन गर्ने निर्णय गरियो ।

ख. वडा नम्बर ११ को स्वास्थ्य चौकी भवन निर्माणका लागि बागमती प्रदेस सरकारबाट चालु आर्थिक वर्षका लागि रु २० लाख अनुदान प्राप्त भएको र भवन निर्माणको लागि लागत अनुमान तयार गर्ने क्रममा रु. ४२ लाख बराबरको लागत अनुमान तयार भएको हुनाले प्राविधिकको लागत इस्टमेट बमोजिम बहुवर्षीय ठेक्का बन्दोवस्तको प्रकृया अगाडी बढाउने र लागत अनुमान बमोजिमको नपुग रकम आगामी वर्षको बजेटमा व्यावस्था गर्ने निर्णय गरियो ।

ग. आर्थिक वर्ष २०८३/०८४ मा कार्यन्वयन हुने समपुरक र विषेश अनुदान तर्फ देहायका योजना छनौट गरि पठाउने निर्णय गरियो,

i. प्रदेश समपुरक र विषेश तर्फका योजना

| क्र.सं. | योजनाको नाम | ठेगाना | प्राथमिकता |
|---|---|---|---|
| १ | २ नम्बर वडा कार्यालय-खत्री गाउ-चप्लेटी सडक | वडा नम्बर २ | १ |

| | | | |
|---|---|---|---|
| | निर्माण | | |
| २ | भैरव मन्दिर- फुटसल- बेकुला मार्ग- पुण्यमाता पुल-आर टि ओ सडक हुदै KUHS सम्म सडक निर्माण | वडा नम्बर ५ | २ |
| ३ | फोक्सो अस्पताल देखि बलभद्र पार्क हुदै काभ्रे भन्ज्याङ सडक | वडा नम्बर ९ | ३ |
| ४ | प्रदेश विषेश अनुदान कार्यविधि २०७७ ले निर्धारण गरेका क्षेत्र मध्ये स्वास्थ्य क्षेत्र अन्तर्गत आधारभूत स्वास्थ्य सेवाको सुधारका लागि ल्याव संचालन तथा अन्य स्वास्थ्य उपकरण खरिद | वडा १-१२ | |

ii. संघीय समपुरक र बिषेश तर्फका योजना

| क्र.सं. | योजनाको नाम | ठेगाना | प्राथमिकता |
|---|---|---|---|
| १ | कल्छे- ठुलिटर- वडालगाउँ सडक | वडा नम्बर ११, ९ र ८ | १ |
| २ | इटे-फस्कोट हुदै नमोबुद्ध सडक जोड्ने सडक | वडा नम्बर १० र ९ | २ |
| ३ | पन्चकन्या कुत्ताल सडक | वडा नम्बर ३ | ३ |
| ४ | डाडागाउ कल्छे सडक | वडा नम्बर ११ | ४ |
| ५ | बिषेश अनुदान कार्यबिधि २०८१ को अनुसूची (१) को १ (क) संग सम्बन्धित सामुदायिक विद्यालयहरुमा डिजीटल शिक्षाको प्रवर्दन र घेराबार नभएका विधालयमा घेरबार गर्ने कार्यक्रम | वडा १-१२ | |

घ. धुलिखेल नगरपालिकालाई विगत बर्षहरु देखि पूर्ण खोप नगर घोषणा गरिदै आएकोमा यस आ.व. २०८२.०८३ मा पनि पूर्ण खोप नगर घोषणा गर्न वडा खोप समवन्य सिमिति तथा स्वास्थ्य चौकीहरुबाट घर धुरी सर्वेक्षण तथा छुट भएको पाइएमा खोप लगाई पूर्ण खोप वडा घोषणा गरी पूर्ण खोप नगर घोषणा गर्ने निर्णय गरियो ।

ङ. चालुआर्थिक बर्षको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बालबालिकाहरुको भ्रमण कार्यक्रमका लागि रु २ लाख बिनियोजन भएकोमा उक्त रकम नपुग भएको भनि थप बजेट माग भएको हुदा नगरपालिका चालु अन्य कार्यक्रम खर्च शीर्षकबाट रु ६०००० (साठी हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

CS Scanned with CamScanner